आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**राकमकर्णाली,दैलेख**

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**( प्रथम पटक प्रकाशित मिति २०७५/०९/२३)**

यस नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्नशर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्रआह्वान गरिन्छ ।

१. दरभाउपत्रफाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७४।७५ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको ३ :०० बजे यस कार्यालयमा खोलिने छन् ।

३. दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको रा.वा. बैंक दैलेख स्थित च. हि.नं. ४०१०३०४०१८११० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानी पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्रउपर कारबाही हुने छैन ।

६. दरभाउपत्रदाताबाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दर रेट भरी नआएमा त्यस्तो दरभाउपत्रउपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरीएको कार्य सम्पादन जमानत पत्र ( परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ ।

९. तपसिलको कार्य यस कार्यालयले तोकेको समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

१०. दरभाउपत्र पेश गर्नु अघि दरभाउपत्रदाताले निर्माणस्थल तथा समुदायको बारेमा जानकारी एवं अध्ययन गर्नुपर्नेछ ।

११. दरभाउपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१२. यसमा उल्लेख नभएका बिषयहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल :**

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (मू.अ. कर सहित) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०३/२०७५/०७६ | बण्डाली आ. वि. २ कोठे भवन निर्माण | रु. १५,००,०००।– | रु.४५,०००।- | १,०००।– | आयोजना स्थल – आ.न.पा. :- १ |
| ०४/२०७५/०७६ | सरस्वती मा. वि. २ कोठे भवन निर्माण | रु. १५,००,०००।– | रु.४५,०००।- | १,०००।– | आयोजना स्थल – आ.न.पा. :- २ |
| ०५/२०७५/०७६ | नारायण नि.मा.वि.स्तर उन्नती | रु. १५,००,०००।– | रु.४५,०००।- | १,०००।– | आयोजना स्थल – आ.न.पा. :-७ |
| ०६/२०७५/०७६ | हियाधारा आ.वि. २ कोठे भवन निर्माण | रु. १२,००,०००।– | रु.३६,०००।- | १,०००।– | आयोजना स्थल – आ.न.पा. :-६ |

थप जानकारी एबं सूचनाको लागि : फोन ०८९६९०४७५,इ मेल aathabismun@gmail.com, वेवसाइट www.aathabismun.gov.np

**आठबीस नगरकार्यपालिकाको कार्यालय**
राकमकर्णाली,दैलेख